संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - ८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल जेठ १३ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आज आकस्मिक, शून्य र विशेष समयको कार्यक्रम नहुने भन्नुहुँदै माननीय ज्ञान बहादुर शाहीलाई बोल्न समय दिनुहुँदा उहाँले संसदभित्र प्रतिपक्ष र सत्तापक्षमा हुँदा दुईथरी चरित्र प्रदर्शन हुने गरेको, गृहमन्त्रीले प्रतिपक्षमा रहँदा दिएको अभिव्यक्ति र सत्तामा रहेर गरिरहेको व्यवहार नमिलेको, सहकारीको रकम अपचलन सम्बन्धी विषयमा संसदीय छानविन गर्न गृहमन्त्रीले खुट्टा कमाउन नहुने, एकै प्रकृतिको विषयमा एकजना सदस्यलाई पक्राउ पूर्जी जारी भएको अर्को सदस्यले मुक्ति पाउने विषय कानून अनुकूल नभएको, जनताले दुःख गरी सहकारीमा बचत गरेको रकम ठगी एवं अपचलन भएको विषयमाथि छानविन आवश्यक भएको र छानविन समितिको प्रतिवेदनले दोषी देखिएका व्यक्तिलाई कानूनको दायरामा ल्याउनु पर्ने लगायतका विषयहरु राख्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा सामान्य हेरफेर गरेको जानकारी गराउँदै माननीय अर्थमन्त्री वर्षमान पुनलाई “आ.व. २०८०/०८१ को आर्थिक सर्वेक्षण” र “सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१” पेश गर्न अनुमति दिनु हुनासाथ नेपाली काँग्रेसका माननीय सदस्यहरु वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो साथै राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

तत्पश्चात नेपाली काँग्रेसका माननीय सदस्यहरुको नाराबाजी तथा अन्य दलका माननीय सदस्यहरु उभिईरहेकै अवस्थामा माननीय अर्थमन्त्री वर्षमान पुनले “आ.व. २०८०/०८१ को आर्थिक सर्वेक्षण” र “सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले “सम्माननीय राष्ट्रपति महोदयले २०८१ जेठ १ गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८१/०८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८१/०८२ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको विभिन्न बुँदाहरुमा २ वटा संशोधनका सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात संशोधनकर्ता माननीय चित्र बहादुर के.सी. र माननीय प्रेम सुवालले आफ्नो संशोधन पेश गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि आ.व. २०८१/०८२ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि र सो उपर प्राप्त संशोधन माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. माननीय विष्णुप्रसाद पौडेल
२. माननीय जनार्दन शर्मा
३. माननीय डा० स्वर्णिम वाग्ले
४. माननीय विरेन्द्रप्रसाद महतो

तदुपरान्त सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले उक्त छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले उक्त जवाफका सम्बन्धमा माननीय प्रेम सुवालले सोध्नुभएको स्पष्टीकरणको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८१/०८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिका संशोधनकर्ता माननीय चित्रबहादुर के. सी. र माननीय प्रेम सुवाललाई आफ्नो संशोधन फिर्ता लिन समय दिनुहुँदा उहाँहरुले फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले क्रमशः उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिले २०८१ जेठ १ गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८१/०८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको बाँकी कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल जेठ १५ गते मंगलबार दिनको ४:०० बजे बस्नेगरी बैठक दिनको १:१५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव